मिति २०७७/६/६ गतेको सचिव बैठकका निर्णयहरु-

१. माननीय मुख्यमन्त्री र श्रीमान प्रमुख सचिवज्यूबाट यस प्रदेशका विभिन्न मन्त्रालयमा सरुवा भई आउनुभएका सचिवज्यूहरुलाई स्वागत साथै निर्देशन प्रदान भयो ।

२. **प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी कार्यविधि,** २०७७ को व्यवस्था अनुरुप सम्बन्धित मन्त्रालयहरुले सरुवा तथा पदस्थापन सम्वन्धी कार्यहरु गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने ।

३. सबै विषयगत मन्त्रालयहरुले महालेखा परीक्षकको ५७ औं वार्षिक प्रतिवेदनको अध्ययन गरी आ-आफ्नो मन्त्रालय वा मातहतका निकायको हकमा औंल्याईएको वेरुजु फर्छ्यौट् र अनियमिततालाई नियमित गर्ने सम्बन्धी कार्य गरी गराई सम्वन्धित निकाय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

४. प्रदेशस्थित मन्त्रालयहरुमा प्रदेश सचिवहरुको सरुवा भएको तथा नयाँ सचिवहरु हाजिर भैनसकेको सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७/५/१६, च.नं. २३७ को विदा/काज सम्बन्धी परिपत्रानुसार कार्यालय प्रमुख र अधिकृतस्तरका कर्मचारीहरु काज वा विदामा बस्नुपरेमा अनिवार्य रुपमा यस कार्यालयको पुर्व सहमति लिनुपर्ने भनी लेखि पठाएको तर हाल आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेक अन्य मन्त्रालयहरुमा सचिवहरु हाजिर भैसक्नुभएको हुँदा विदा तथा काज सम्बन्धी काम कारवाही सम्बन्धित मन्त्रालयबाटै गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालयको हकमा सोही परिपत्रानुसार नै हुने ।

५. प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/५/२२ को वैठकबाट "नेपालको संविधान, प्रदेश सरकार (कार्यविभाजन) नियमावलीद्वारा प्रद्धत क्षेत्राधिकारभित्र रही सबै मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालय सम्बद्ध नीति, योजना तथा मापदण्डहरु लगायतका आवश्यक कानूनहरुको मस्यौदा मिति २०७७ साल पुस मसान्तभित्र तयार गरी स्वीकृतिका लागि पेश गर्ने" भन्ने निर्णय भएको हुँदा सो सम्वन्धमा कारवाही अगाडि बढाउने ।

६. विभिन्न मितिको मन्त्रिपरिषद् वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति स्थिति र यसपूर्व विभिन्न मितिको सचिव वैठकबाट भएका निर्णय एवम् वार्षिक खरिद योजना निर्माण, खरिद ईकाइ गठन, वार्षिक वजेट तथा कार्यक्रमहरुको कार्यान्वयन, सेवाग्राही सर्भेक्षण फारम तयार गरी सर्भेक्षण गर्ने, अन्तर्गतका निकायहरुको अनुगमन गरी गराइ प्रतिवेदन गर्ने, दैनिक डायरी बनाई लागु गर्ने, कार्यसम्पादन सम्झौता गरी गराई लागु गर्ने सम्वन्धी निर्णयहरु कार्यान्वयन गर्ने, गराउने र सोको लिखित प्रगति जानकारी १ हप्ता भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

७. यस प्रदेशमा कार्यरत केही कर्मचारीहरुले यस प्रदेशबाट अन्यत्र प्रदेशमा सरुवा/समायोजन संसोधन गरी जान सहमति पाउँ भनि निवेदन प्राप्त भएको सन्दर्भमा यस प्रदेशमा कर्मचारीको संख्या न्यून रहेको हुँदा सम्बन्धित मन्त्रालयहरुले अन्यत्र प्रदेशमा सरुवा/समायोजन संसोधन सम्बन्धमा आवश्यक कानून नवनिसकेको सन्दर्भमा सचिव स्वयंले आंकलन गरी गराई आवश्यकता र औचित्यताका आधारमा सिंफारिस गर्ने/नगर्ने निर्णय लिने।

८. प्रदेशका सबै मन्त्रालयहरुले आफ्नो मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरुको छुट्टाछुट्टै व्यक्तिगत फाइल (सम्पुर्ण विवरण सहितको) २ प्रति बनाई १ प्रति व्यक्तिगत फाइल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १ महिना भित्र उपलब्ध गराउने ।

९. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/५/१६ गते बसेको प्रदेश संकट व्यवस्थापन केन्द्र (PCMC) को वैठकको निर्णय नं. ९ अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको अध्यक्षतामा कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७७ लाई परिमार्जन गर्न गठित समितिले कारवाही अगाडि बढाउने ।

२०७७/६/६

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

**प्रमुख सचिव**